प्रदेश सरकार

सुदूरपश्चिम प्रदेश

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

धनगढी, कैलाली, नेपाल

**सम्बत् २०७८ साल असोज १४ गते बसेको सुदूरपश्चिम प्रदेश मन्त्रिपरिषद्को ११९ औं वैठकले गरेको निर्णय-**

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय- सुदूरपश्चिम प्रदेश, प्रदेश लोकसेवा आयोगको आर्थिक वर्ष २०७७/०७८ को वार्षिक प्रतिवेदन माननीय मुख्यमन्त्रीज्यूको तर्फबाट आन्तरिक मामिला तथा कानून मन्त्रालयका माननीय मन्त्रीज्यूले प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने ।

२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय- नेपालको संविधानको धारा १८३ को उपधारा (२) बमोजिम प्रदेश सभा, सुदूरपश्चिम प्रदेशको चालु आठौं अधिवेशन मिति २०७८ साल असोज १५ गते राति १२:०० बजेदेखि लागु हुने गरी अन्त्य गर्नका लागि माननीय प्रदेश प्रमुख समक्ष सिफारिस गर्ने ।

३. आर्थिक मामिला मन्त्रालय- डोटी, डडेल्धुरा र कंचनपुर जिल्लामा प्रदेश लेखा इकाई कार्यालय स्थापनाका लागि बढीमा ५ जना कर्मचारी रहने गरी कार्यालयको संगठन संरचना तथा अस्थायी दरबन्दी तेरिज स्वीकृत गर्ने ।

४. सामाजिक विकास मन्त्रालय- सेती प्रादेशिक अस्पतालको डिपिआर निर्माण, तयारी, डिजाइन समेतका लागि एक करोड रकम स्वीकृत गर्ने ।

५. सामाजिक विकास मन्त्रालय- डा. खेमराज जोशीको संयोजकत्वमा ९ सदस्यीय प्रदेश उच्च शिक्षाको सम्भाव्यता अध्ययन कार्यदल गठन सम्बन्धी प्रस्ताव स्वीकृत प्रदान गर्ने ।